नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
**ई.पी.एस कोरिया शाखा**
**ग्वार्को, ललितपुर ।**

## २२ डिसेम्बर २०२१ मा हुने उडान अन्तगर्तको कामदारहरुको लागि जरुरी सूचना

२०७८/०८/२३

कोभिड १९ महामारीको कारणले लामो समय सम्म अवरुद्ध रहेको दक्षिण कोरियामा कामदार पठाउने कार्य सुचारु भएको व्यहोरा अवगत नै छ । तर पछिल्लो समय कोरानाको नयाँ भेरियन्ट लगायत दक्षिण कोरियामा दैनिक कोरोना संक्रिमतको संख्या पनि बढदै गएको कोरियन पक्षले जानकारी गराएको छ । साथै अहिले दक्षिण कोरियामा रोजगार अनुमती प्रणाली लागू भएका देशहरुबाट नियमित रुपमा कामदार लिने कार्य शुरु भएको हुँदा क्वारेन्टिन व्यवस्थापन कार्य पनि कठिन भएको जानकारी प्राप्त भएको छ ।

प्रस्तुत सन्दर्भमा, HRD Service of Korea बाट प्राप्त जानकारी अनुसार आगामी २२ डिसेम्बर,२०२१ मा हुने उडानबाट कोरिया जानु हुने कामदारहरुले अनिवार्य रुपमा कोभिड भ्याक्सिनको पूर्ण मात्रा लिएको हुनु पर्नेछ। पूर्ण मात्रा खोप नलिएकाहरुको हवाई उडान प्रभावित हुन सक्ने भएकोले अहिले सम्म पूर्ण मात्रा नलिएकाहरुले खोप प्रोटोकल अनुसार तोकिएको स्वास्थ्य केन्द्रहरुमा गई पूर्ण मात्रा खोप लिनु हुन अनुरोध छ । साथै पूर्ण मात्रा खोप लिएको प्रमाणपत्र अहिले सम्म कार्यालयमा नबुझाएको भए यथाशिघ्र बुझाउनु हुन अनुरोध छ।

**पुनश्चः** पूर्ण मात्रा खोप लिएकाहरुको हकमा दक्षिण कोरियामा १० दिन क्वारेन्टिन बस्दा एउटा कोठामा २ जनाको दरले बस्न सक्ने सुविधा समेत प्राप्त हुने जानकारी प्राप्त भएको हुँदा सोही अनुसार तयारी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**ई.पी.एस शाखा**

**धन्यबाद !**